# पूर्वखोला राजपत्र

पूर्वखोला गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ७, पूर्वखोला, मितिः २०८०/०५/०९, संख्याः २**


भाग-२

**पूर्वखोला गाउँपालिका**

## पूर्वखोला गाउँपालिकाको शिक्षक दरवन्दी मिलान कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०५/०८

**प्रस्तावनाः**

राष्ट्रिय विकासका लागि आवश्यक दक्ष, योग्य, सीप युक्त जनशक्ति उत्पादन गर्न तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्दै विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शैक्षिक जनशक्तीको संख्यात्मक तथा विषयगत मिलान गर्न वान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) तथा पूर्वखोला गाउँपालिकाको शिक्षा ऐन २०७४ को दफा ४४ र ५५ को अधिनमा रही यो कार्यविधि बनाएको छ ।

१) **सक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "शिक्षक दरवन्धी मिलान कार्यविधि, २०८०" हुनेछ ।

(ख) यो कार्यविधि कार्यपालिकावाट स्वीकृत भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२) **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले पूर्वखोला गाउँपालिका सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले पूर्वखोला गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "विद्यालय" भन्नाले पूर्वखोला गाउँपालिका क्षेत्रभित्र संचालित विद्यालयहरु सम्झनु पर्छ ।

(घ) "वि ब्य स " भन्नाले विद्यालय ब्यवस्थापन समिति सम्झनु पर्छ।

(ङ) "शिक्षक" भन्नाले विद्यालयहरुमा नियमित पठनपाठन गर्ने दरवन्दीमा कार्यरत (स्थायी अस्थायी करार राहत) तथा गाउँपालिका अनुदानमा कार्यरत शिक्षक वा कर्मचारी सम्झनु पर्छ। यसले वालकक्षामा कार्यरत वालकक्षा शिक्षक र शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षक समेत लाई जनाउदछ ।

(च) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र पूर्वखोला गाउँपालिकाको शिक्षा ऐन २०७६ (संशोधन २०७९ सहित) लाई सम्झनु पर्छ।

(छ) "नियमावली" भन्नाले पूर्वखोला गाउँपालिकाको शिक्षा नियमावली २०७६ (संशोधन२०७९ सहित) लाई सम्झनु पर्छ।

(ज) "कार्यविधि" भन्नाले "शिक्षक दरवन्धी मिलान कार्यविधि,२०८० सम्झनु पर्छ ।

(झ) अन्य शब्द पदावली र नामावलीको अर्थ प्रचलित एन कानुन र नियमानुसार हुनेछ ।

३) **यो कार्यविधि लागू हुने क्षेत्रः** यो कार्यविधि पूर्वखोला गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

४) **शिक्षक दरवन्दी मिलान सम्वन्धी व्यवस्थाः**

१) यस गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विधार्थी सख्याको मुल आधार तथा विद्यालयमा सन्चालित कक्षा र तह समेत लाई मध्येनजर गर्दै सम्भव भय सम्म प्रत्येक २ वर्षमा मिलान गरिनेछ।

२) उपदफा १ वमोजिमको दरवन्दी मिलान गर्दा तहगत विधार्थी संख्याको आधार लाई मुल आधार मानी समानताको हिसावले स्वीकृत दरवन्दी तथा गाउँपालिकाको अनुदान शिक्षक वितरण गरिनेछ।

३) यस गाउँपालिकाले संस्थागत विद्यालय सामुदायीक विद्यालयमा समायोजन गर्दा वितरण गरिएको वालकक्षा तथा प्राथमिक शिक्षक अनुदान समेत लाई विधार्थी संख्या, तहाँ कार्यरत शिक्षक दरवन्दीको संख्याको अनुपातमा मिलान तथा पुनर्वितरण गर्नेछ।

४) मापदन्ड भन्दा कम विधार्थी संख्या भएका विद्यालयहरुवाट दरवन्दी कटौति गरि विधार्थी संख्या वढि भएको विद्यालयमा उक्त दरवन्दी पुलको रुपमा कायम गरिने छ।साथै पुलमा रहने दरवन्दी सोही विद्यालयको माथिल्लो तहमा दरवन्दी नभएमा पुलको रुपमा कायम गरिने छ ।

५) यस कार्यविधि अनुसार दरवन्दी मिलान गर्दा प्राविधिक धार सन्चालनमा रहेका विद्यालयहरुको प्राविधिक जनशक्ति हेरफेर गरिने छैन ।

६) दरवन्दी मिलान गर्दा विद्यालयले IEMIS मा प्रविस्ट गरेको विधार्थी संख्या लाई स्थलगत अनुगमनवाट पाइएको विधार्थी संख्यालाई मान्यता दिइने छ।

७) गाउँपालिकाको शिक्षा शाखा मार्फत विद्यालय अनुगमन समिति वा विद्यालय समायोजन समितिले विद्यालयहरुको अध्ययन गरि त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिवाट अनुमोदन भए पश्चात दरवन्दी मिलान कार्य हुनेछ।

**५) पुलमा रहने दरवन्दी सम्वन्धी ब्यवस्थाः**

१) कुनै विद्यालयको विधार्थी संख्या कम भएर दरवन्दी कटन गएमा त्यस्तो दरवन्दी पुल दरवन्दीको रुपमा रहने छ।

२) उपदफा १ वमोजिम पुलमा रहने दरवन्दी यस गाउँपालिकाको निम्न माध्यमिक तथा माध्यामिक शिक्षक दरवन्दी अपुग भएको अवस्थामा त्यसरी वाँकी रहेको दरवन्दी माथील्लो तहमा गणना हुने गरी ब्यवस्थापन गरीने छ।

**६) शिक्षक ब्यवस्थापनः**

१) पुलमा रहेको दरवन्दीलाई स्थानान्तरण गर्दा सम्भव भएसम्म रिक्त दरवन्दी स्थानान्तरण गरिने छ।

२) रिक्त दरवन्दी नरहेको अवस्थामा स्वेछिक रुपमा अर्को विद्यालयमा जान चाहने शिक्षकलाई निवेदनको आधारमा उपयूक्तता हेरि स्थानान्तरण गरिने छ।

३) करार तथा राहत दरवन्दीमा कार्यरत शिक्षकलाई निजले लिएको नियूक्ती मितिको आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गरिने छ।

४) शिक्षकको स्थानान्तरण गर्दा सम्भव भएसम्म पायक पर्ने गरि दरवन्दी थप हुने सम्भावना रहेको विद्यालयमा गरिने छ।

५) दरवन्दी मिलानको समयमा रिक्त दरवन्दीमा सरुवा भई जानका लागि प्राथमिकता दिइनेछ। यसका लागि सम्वन्धित शिक्षकले निवेदन पेश गर्नु पर्ने छ।

७) **विविध:**

१) दरवन्दी मिलान गर्ने समय अवधी: यो कार्यविधि गाउँकार्यपालिका वाट स्वीकृत भई गाउँ शिक्षा समितिले दरवन्दी मिलानको प्रतिवेदन अनुमोदन गरेको एक महिना भित्र दरवन्दी मिलान कार्य सम्पन्न गरि सक्नु पर्ने छ।

२) शिक्षक स्थानान्तरण भएको विद्यालयमा जानु पर्ने: यो कार्यविधि अनुसार स्थानान्तरण हुने शिक्षकहरु तोकिएको समय भित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ। तोकिएको समय भित्र हाजिर हुन नजाने शिक्षकहरुलाई साविकको विद्यालयमा हाजिर गराउन वाध्य हुने छैन।

३) विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने वा रमाना दिनु पर्ने: यस कार्यविधि अनुसार स्थानान्तरण भई आउने शिक्षकहरुलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने छ भने स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिनु पर्ने छ।

४) यस पूर्वखोला गाउँपालिकावाट वितरण गरिएको शिक्षक अनुदान (गा पा निजी शिक्षक भनिएको) विधार्थी संख्या तथा सन्चालित कक्षा कम भएको अवस्थामा कटौति गरिने छ। गा पा अनुदान शिक्षक स्थानान्तरण गरिने छैन।

५) शिक्षक दरवन्दी मिलान सम्वन्धि अन्य व्यवस्था विगतमा नेपाल सरकारले दरवन्दी मिलान गर्दा गरिएको अभ्यास वमोजिम गरिने छ।

६) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरु यसै वमोजम तथा उल्लेख नगरिएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ।

(७) बचाउ तथा खारेजीः

क. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि,२०७७ लाई प्रतिस्थापन गर्ने गरी यो कार्यविधि लागु गरिएको छ ।

ख. उपदफा (क) बमोजिम खारेज गरिएको कार्यविधि बमोजिम भए गरेको काम कारबहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणिकरण मितिः २०८०/०५/०९

आज्ञाले
सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत